का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ मंसिर २०८१,
शानिबार
16 November, 2024
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रभावशाली नेताको कारागार बास

**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङ उर्फ दीपक मनाङे विगत ३० वर्षदेखि सधैँ चर्चामा छन् । 'सुनाम होस् वा बद्नाम, चर्चामा रहिरहनुपर्छ' भनेझैँ मनाङे थोरै सुनाम, धेरै बद्नाम भएर चर्चामा रहिरहे ।

'गुण्डा नाइके' भनेर चिनिएका मनाङेका बद्नामीका शृङ्खलाको लामै सूची बन्छ । तर पछिल्लो समय भने उनी गण्डकी प्रदेशसभामा निर्वाचित भई प्रदेशमन्त्री थिए । विगतका अपराधका कसुरमा मुद्दा विचाराधीन रहेकै समयमा उनले प्रदेशसभामा उम्मेदवारी दिई विजयी भए र पटकपटक मन्त्री बने ।

यद्यपि, अहिले मनाङे ज्यान मार्ने उद्योगमा सर्वोच्च अदालतबाट दोषी ठहर भएका छन् । यसपछि उनले २ वर्षभन्दा बढी जेल बस्नुपर्ने छ । अब उनको सांसद पद के हुन्छ र उनी कति वर्ष जेल बस्नुपर्छ भन्ने बहस सुरु भएको छ ।

२०६९ सालमा तत्कालीन पुनरावेदन अदालत पाटनले ज्यान मार्ने उद्योगमा उनलाई ५ वर्ष कैद सजाय सुनाएको थियो । चक्रे मिलनमाथि आक्रमण गरेको अभियोगमा उनलाई सो सजाय सुनाइएको थियो । अहिले सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले पनि पुनरावेदन अदालतको फैसला सदर गरिदिएको छ । यस कारण उनले अब पुनरावेदन गर्ने मौका नहुने हुँदा उनी दोषी ठहर भएका छन् ।

हाल सर्वोच्चको फैसला मात्र आएको र फैसलाको पूर्ण पाठ आउन बाँकी नै रहेकाले उनको सांसद पद के हुन्छ र जेल अवधि के कति हो भन्ने निश्चित नभएको कानुनका जानकारहरू बताउँछन् । फैसलाको पूर्ण पाठमा मनाङेको 'नैतिक पतन' उल्लेख भएमा भने उनको सांसद पद रिक्त हुने व्यवस्था संविधानमा छ ।

मनाङे बाँकी सजाय भुक्तानीका लागि कारागार चलान हुनेछन् । उनी अब निलम्बित हुनेछन् । संविधान र गण्डकी प्रदेशसभाबाट जारी भएको »» पृष्ठ २ मा



### चिरञ्जीवी वाग्ले

**मुद्दा**
- अख्तियारले २०५६ चैत ३ मा मुद्दा दर्ता
- ४ वर्षपछि ७ साउन २०६१ मा विशेष अदालतले फैसला
- अख्तियारले पुनरावेदन गरेपछि २ चैत २०६७ मा सर्वोच्चले अन्तिम फैसला

**दाबी र दिइएको सजाय**
- ३ करोड ३० लाख रुपैयाँ जरिमाना हुनुपर्ने अख्तियारको दाबी
- विशेष अदालतले २ करोड ७३ लाख रुपैयाँ मात्र जरिमाना र २ वर्ष ६ महिना जेल सजाय सुनाएको
- सर्वोच्च अदालतले २ करोड ३ लाख रुपैयाँ मात्र जरिमाना र १ वर्ष ६ महिना मात्र जेल सजाय सुनाएको
- फैसलाको ६० दिनभित्र स्वेच्छिक रूपमा अदालतसामु उपस्थित भए जरिमाना र जेल सजायमा २० प्रतिशत छुट पाउने व्यवस्थाबमोजिम उनले ११ महिने जेल सजाय भुक्तान गरेका



### जयप्रकाशप्रसाद गुप्ता

**मुद्दा**
- २०५९ फागुनमा अख्तियारद्वारा मुद्दा दर्ता
- २८ जेठ २०६४ मा विशेष अदालतले सफाइ
- सर्वोच्चमा पुनरावलोकनका लागि अख्तियारले मुद्दा दर्ता गरेको
- ९ फागुन २०६८ मा अन्तिम फैसला गर्दै गुप्तालाई भ्रष्टाचारी ठहर

**दाबी र दिइएको सजाय**
- २ करोड ८ लाख जरिमाना र अधिकतम जेल सजायको अख्तियारको माग
- विशेष अदालतद्वारा १० प्रतिशतभन्दा कम सम्पत्तिको मात्र स्रोत नखुलेको भन्दै सफाइ
- सर्वोच्चले सम्पत्ति मूल्यांकन गर्दा त्योभन्दा धेरै फरक देखिएकाले उनलाई ८४ लाख रुपैयाँ जरिमाना र डेढ वर्ष जेल सजाय सुनाएको



### गोविन्दराज जोशी

**मुद्दा**
- अख्तियारद्वारा २८ पुस २०६० मा मुद्दा दर्ता तर विशेष अदालतले हद म्यादको प्राविधिक कारण देखाउँदै जोशीलाई सफाइ
- १० फागुन २०६३ मा अख्तियारद्वारा विशेषको फैसलाविरुद्ध सर्वोच्चमा रिट दायर
- २६ मंसिर २०६७ मा सर्वोच्चले यो मुद्दालाई पुनः खोल्न सुरु अदालतमै फर्काएको
- १० साउन २०६९ मा विशेष अदालतले जोशीलाई भ्रष्टाचारी ठहर गरेको

**दाबी र दिइएको सजाय**
- अख्तियारले ३ करोड ९४ लाख रुपैयाँ भ्रष्टाचार गरेको दाबीसहित हदैसम्मको जेल सजायको माग
- विशेष अदालतले जोशीलाई २ करोड १६ लाख रुपैयाँ भ्रष्टाचार गरेको ठहर गर्दै डेढ वर्ष जेल सजाय तोकेको



### खुमबहादुर खड्का


**मुद्दा**
- १५ वैशाख २०६० मा अख्तियारद्वारा खड्काविरुद्ध मुद्दा दर्ता
- २९ कात्तिक २०६३ मा विशेष अदालतले हद म्याद सकिएर मुद्दा दर्ता भएको भन्दै उनलाई सफाइ दिएको
- १५ चैत २०६३ मा अख्तियारले विशेषको निर्णयविरुद्ध सर्वोच्चमा मुद्दा दायर
- ३० साउन २०६९ मा सर्वोच्चद्वारा खड्कालाई दोषी ठहर

**दाबी र दिइएको सजाय**
- अख्तियारद्वारा २ करोड ३७ लाख रुपैयाँको सम्पत्ति भ्रष्टाचार गरेको अभियोग लगाउँदै अधिकतम जेल सजायको माग
- सर्वोच्चले ९४ लाख ७४ हजार रुपैयाँ जरिमाना गर्दै डेढ वर्ष जेल सजाय सुनाएको


## जाडो मौसममा चिसोबाट बचौं
- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
- बाढी चिसोमा मर्निङवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ओझा कार्यकारी सम्पादक



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० कात्तिक ।

मध्यान्ह राष्ट्रिय दैनिकको कार्यकारी सम्पादकमा घनेन्द्र ओझा नियुक्त भएका छन् ।

आज १ मंसिरदेखि लागू हुनेगरी ओझालाई कार्यकारी सम्पादक नियुक्त गरिएको मध्यान्ह दैनिकका प्रकाशक सीतादेवी श्रेष्ठले बताइन् । प्रकाशक श्रेष्ठले २ दशकभन्दा लामो अनुभव भएका ओझाले मध्यान्ह दैनिकलाई अझ स्तरीय र लोकप्रिय बनाउने विश्वास व्यक्त गरिन् ।

सम्पादक मदनकुमार श्रेष्ठले धेरै मिडियाबाट अनुभव लिइसकेका र आफैँ पनि पत्रकारिताकै अध्यापकसमेत रहेका ओझाले व्यावसायिक र मर्यादित पत्रकारितामार्फत मध्यान्हलाई विश्वसनीय र भरोसायोग्य पत्रिकाका रूपमा अघि बढाउनेमा आफू ढुक्क रहेको उल्लेख गरे ।

साढे २ दशकदेखि पत्रकारितामा सक्रिय ओझा पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर हुन् । उनले आधा दर्जनभन्दा बढी मिडियामा सम्पादकीय भूमिका निर्वाह गरिसकेका छन् भने राजधानी दैनिक, द नेपालटप दैनिक, थाहाखबर डटकम, शिलापत्र डटकम, लोकसंवाद डटकमलगायत मिडियाको अनुभव सँगालेका छन् ।

# कानुन निर्माणमा हद विलम्ब
## सरकार र संसद् एकअर्काप्रति असन्तुष्ट



> २०७६ सालमा आएको विधेयकमा हामी २०८१ सालमा छलफल गरिरहेका छौं । संविधान कार्यान्वयन गर्नुपर्ने धेरै ऐन बनाउन सकिरहेका छैनौं । यसमा सरकारको पनि कमजोरी छ । संसद्को पनि सुस्तता छ । यसमा सुधार आवश्यक छ ।
>
> **रमेश लेखक**, गृहमन्त्री

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

कानुन निर्माणको गतिसँग गृहमन्त्री रमेश लेखक नै सन्तुष्ट छैनन् । शुक्रबार प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा गृहमन्त्री लेखकले कानुन निर्माणको सुस्तताप्रति असन्तुष्टि जनाए ।

'२०७६ सालमा आएको विधेयकमा हामी २०८१ सालमा छलफल गरिरहेका छौं । संविधान कार्यान्वयन गर्नुपर्ने धेरै ऐन बनाउन सकिरहेका छैनौं । यसमा सरकारको पनि कमजोरी छ । संसद्को पनि सुस्तता छ । यसमा सुधार आवश्यक छ', गृहमन्त्री लेखकले भने ।

> संक्रमणकालीन न्यायसम्बन्धी विधेयक १० वर्षपछि संशोधन भएको छ । यसलाई उपलब्धि मानिरहेका सांसदहरू संविधान जारी भएको ८ वर्षसम्म पनि त्यसलाई कार्यान्वयन गर्न आवश्यक निजामती ऐन, शिक्षा ऐन, प्रहरी समायोजन, वित्तीय ऐन बनाउन सकिरहेका छैनन्

नेपाली कांग्रेस र नेकपा एमालेले संविधानको समीक्षा गर्ने भनेका छन् । तर, संविधान कार्यान्वयनका लागि आवश्यक ऐन नै नबनेको भनेर सरोकारवालाहरू प्रश्न उठाइरहेका छन् ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक १० वर्षपछि संशोधन भएको छ । यसलाई उपलब्धि मानिरहेका सांसदहरू संविधान जारी भएको ८ वर्षसम्म पनि त्यसलाई कार्यान्वयन गर्न आवश्यक निजामती ऐन, शिक्षा ऐन, प्रहरी समायोजन, वित्तीय ऐन बनाउन सकिरहेका छैनन् ।

नेताहरूका अनुसार सरकारले विधेयक नै नल्याउनु त समस्या छँदै छ । संसद्मा आएका विधेयकसमेत अपेक्षित गतिमा अगाडि बढ्न सकिरहेका छैनन् ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा ५ वटा विधेयक विचाराधीन छन् । बैंक तथा वित्तीय संस्था विधेयक, सुरक्षित कारोबार ऐन संशोधन विधेयक, धितोपत्र ऐन संशोधन विधेयक, आर्थिक कार्यविधि ऐन संशोधन विधेयक र भन्सार विधेयक दफावार »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विदेशी कामदार भर्ना लागत पुनर्संरचनाबारे मलेसियाद्वारा स्रोत मुलुकहरुसँग छलफल

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ३० कात्तिक ।

मलेसियाको मानव संशाधन मन्त्रालयले मलेसियामा विदेशी कामदार भर्नाका लागि लागत पुनर्संरचना गर्न स्रोत मुलुकहरुसँग छलफल गरिरहेको बताएको छ । मलेसियाका उपमन्त्री अब्दुल रहमान मोहम्मदले मलेसियाको संसदमा जवाफ दिँदै बाध्यकारी श्रमको अन्त्य गर्ने सन् २०२१-२०२५ को राष्ट्रिय कार्य योजनाको प्रतिबद्धतासँग मिल्दोजुल्दो हुने गरी विदेशी कामदार भर्नाका सम्बन्धमा स्रोत मुलुकहरुसँग छलफल शुरुवात गरिएको बताएका छन् ।

मलेसियाले नेपाल, भारत, इन्डोनेसिया, कम्बोडिया, भियतनाम, बंगलादेश, श्रीलंकालगायतका १५ मुलुकलाई स्रोत मुलुकमा राखी कामदार लैजाने गरेको छ । उपमन्त्री रहमानले मन्त्रालयले भर्ना प्रक्रिया पूर्णरुपले पारदर्शी र कामदारहरुका लागि शून्य लागत सुनिश्चित हुनुपर्नेमा जोड दिएको बताए ।

मलेसियाको टेनोभ निर्वाचन क्षेत्रका सांसद रिदुआन रुबिनले संसदमा उठाएको प्रश्नको जवाफ दिँदै उपमन्त्री अब्दुल रहमानले सबाह र सारवाकलगायतका सरकारी एजेन्सी, रोजगारदाताहरु, ट्रेड युनियनहरु, विदेशी कामदार आपूर्तिकर्ता र अन्य सम्बन्धित निकायहरुलगायत सबै सरोकारवालाहरुसँग यस विषयमा भएको छलफलको प्रतिवेदन »» पृष्ठ २ मा

### वैदेशिक रोजगारको नाममा ठग्ने तीन पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीको नाममा ठगी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा चितवन, भरतपुर महानगरपालिका-४ त्रिचोकका २५ वर्षीय सुरज कँडेल, भरतपुर महानगरपालिका-१० ज्ञानदर्शन टोलकी ३६ वर्षीया शारदा सुवेदी र सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-३ घर भइ भक्तपुर बालकोट बस्ने २२ वर्षीया प्रितिका बाँस्तोला रहेका छन् ।

पक्राउ परेकामध्ये चितवनका सुरजले बेलायतमा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै एक »» पृष्ठ २ मा

# चीन भ्रमणको एजेन्डा टुंग्याउँदै सरकार
## प्राथमिकतामा पोखरा विमानस्थलको ऋण अनुदानमा रुपान्तरण

चिनियाँ सहयोगमा रेलमार्ग निर्माण, सार्वजनिक संस्थान सुधार, राष्ट्रिय योजना आयोगको क्षमता वृद्धि र लगानीसम्बन्धी सम्झौता गरिए पनि यसमा प्रगति भएको छैन ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका एजेन्डाहरूको प्रारम्भिक मस्यौदा तयार पारेको छ । परराष्ट्र मन्त्रालयका अनुसार तयार मस्यौदालाई चिनियाँ सरकारसँग समन्वय औपचारिकता दिइने छ ।

सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमालेले बनाएको २ दलीय संयन्त्रले समेत भ्रमणका एजेन्डाबारे गृहकार्य गरिरहेको छ । भ्रमणलाई प्रभावकारी बनाउन परराष्ट्रमन्त्री आरजु राणा मंसिर दोस्रो साता नै चीन जाने तरखरमा छन् । राणाका अनुसार दिनहुँजसो प्रधानमन्त्रीको चीन भ्रमणको एजेन्डाबारे छलफल चलिरहेको छ ।

प्रधानमन्त्री ओलीले चौथो कार्यकालको पहिलो औपचारिक विदेश भ्रमण चीनबाट गर्ने तयारी हुँदै गर्दा सरकारले एजेन्डाको प्रारम्भिक मस्यौदा नै बनाएर छलफल अगाडि बढाएको हो । प्रधानमन्त्री ओली नोभेम्बरको अन्तिम साता चीन भ्रमणमा जाने तय भएको छ ।

नेपाल र चीनबीच यसअघि पटकपटक भएका धेरै सम्झौता तथा समझदारी कार्यान्वयन भएका छैनन् । सम्झौता तथा समझदारी भएका तर कार्यान्वयन नभएका विषयहरूको सूची नै तयार पारिएको छ, जसलाई अगाडि बढाउनुपर्ने नेपालको प्रस्ताव छ ।

सन् २०१८ मा प्रधानमन्त्रीकै रूपमा ओली बेइजिङ जाँदा चीनतर्फका ८ वटा नाका सञ्चालनमा ल्याउने सहमति भएको थियो । तर, अहिलेसम्म »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१ मंसिर २०८१, शनिबार
16 November 2024, Saturday

# ‘संघीयताले राष्ट्रियता मजबुत हुँदै छ’

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ३० कात्तिक

मधेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले संघीयताले राष्ट्रियता मजबुत भएको बताएका छन्।

शुक्रबार सप्तरीको सप्तकोशी नगरपालिका- ४ स्थित भिल्ला ११ होटल एन्ड रिसोर्टमा आयोजित‘पत्रकार आचार संहिता पालनासम्बन्धी गोष्ठी’लाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

संघीयताले देश मजबुत बनाउने भएकाले विगतमा संघीयताविरुद्ध भ्रामक प्रचारहरू भए तापनि त्यसको पुष्टि नभएको स्मरण गराए। उनले मिडियालाई यस्तो कुराहरू लेख्नुपर्ने आग्रह गरेका छन्। ‘संघीयता आयो भने देश टुक्रा-टुक्रा हुन्छ। देशै विभाजन हुन्छ। देश विभाजन भयो त ? देश टुक्रियो त ?’ उनले प्रश्न गरे‘संघीयताले बरु देश मजबुत भयो। राष्ट्रियता मजबुत भएको छ।’ ‘तीन तहको



शासकीय संरचनाले गाउँका बाटाहरू फराकिलो भएको छ। जुन गाउँमा अस्पताल थिएन, त्यहाँ अस्पताल बनाइएको छ। गाउँका विद्यालयहरूमा प्लस टुसम्म पढाइ हुँदै छ। यसकारण संघीयताले देश टुक्र्याउने हैन, देश विकास हुने हो। हिजो मिडियाले जे लेख्नुभयो, आज त्यो पुष्टि भएन’, उनले भने।

मिडिया काउन्सिल मधेश प्रदेशको आयोजना तथा नेपाल पत्रकार महासंघ सप्तरीको समन्वयमा भएको गोष्ठीमा सप्तरीका ५० बढी पत्रकारहरूको सहभागिता रहेको थियो। गोष्ठीमा सहभागीहरूले पत्रकारहरू आचारसंहिता पालना गर्नुपर्नेमा जोड दिएका थिए।

यसैगरी आमसञ्चार प्राधिकरणसँग भएको सीमित स्रोत र साधनका बाबजुद पत्रकार लक्षित कार्यक्रमहरू लागू गरिएको आमसञ्चार प्राधिकरणका प्रदेश अध्यक्ष श्यामसुन्दर यादबले बताएका छन्। सञ्चारमैत्री पञ्चवर्षीय आवधिक योजनामा सञ्चारमैत्री कार्यक्रमहरू लागू गर्नेगरी प्रदेश नीति तथा योजना आयोगले तयारी गरिरहेको प्रदेश नीति आयोग सदस्य डा. शिला मिश्रले बताइन्। काउन्सिलका प्रदेश अध्यक्ष कैलाश दासको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य किरणकुमारी साह, सप्तकोशी नगरपालिकाका प्रमुख कृष्णप्रसाद ढकाल, नेपाल पत्रकार महासंघका प्रदेश अध्यक्ष राजेश कर्ण र सप्तरी शाखाका अध्यक्ष श्रवण देवलगायतले मन्तव्य राखेका थिए।

# प्रविधिमैत्री शिक्षाका लागि अतिरिक्त क्रियाकलापको आयोजना

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३० कात्तिक

प्रगतिशिल युवा समाजको सहयोगमा बझाङको जयपृथ्वी नगरपालिकाका आठ विद्यालयका विद्यार्थीहरूको शिक्षण सिकाईमा सूचना र सञ्चार प्रविधिको प्रयोगमा आकर्षण गर्न अतिरिक्त क्रियाकलापको आयोजना गरिएको छ।

वर्ल्डभिजन इन्टरनेशनल नेपाल, एडुटेक नेपालको आर्थिक सहयोग र प्रगतिशिल युवासमाजद्वारा सञ्चालित



विद्यालयमा प्रविधिमैत्री शिक्षा सिक्ने अवसर (टेलस) परियोजना अन्तर्गत अतिरिक्त क्रियाकलापको आयोजना गरिएको हो। अतिरिक्त क्रियाकलाप अन्तर्गत पाण्डु माध्यामिक विद्यालय, सुनिपिपलचौर माध्यामिक विद्यालय, नारायण माध्यामिक विद्यालय, सुर्मा र शिशु आधारभूत विद्यालयमा टाइपिङ प्रतियोगिता, निलकट्टी माध्यामिक विद्यालयमा आधुनिक युगमा सूचना तथा सञ्चार प्रविधिको महत्व शिर्षक र भवानी माध्यामिक विद्यालयमा प्रविधिमैत्री शिक्षा आजको आवश्यकता शिर्षकमा निबन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको छ।

यी गतिविधिहरूले शिक्षण-सिकाई प्रक्रियामा प्रविधिको प्रभावकारी प्रयोग गर्न विद्यार्थीहरूको रुची जागृत गराउने र सिकाईलाई अझ प्रभावकारी बनाउने प्रगतिशिल युवा समाजका टेलस परियोजना अधिकृत पाण्डव पुजाराले बताए। प्रगतिशिल युवा समाज बझाङले जयपृथ्वी नगरपालिकाका आठ वटा सामुदायिक विद्यालयहरूमा सूचना, सञ्चार तथा प्रविधि (आईसीटी) ल्याब स्थापना गरेको छ। ल्याबको प्रयोगगरी अडियो भिडियो सामग्रीको प्रयोग गरी विद्यार्थीको सिकाईलाई मजबुद बनाउने लक्ष्य राखेको छ।

# वरिष्ठ कलाकार सिंहको बृहत् कला प्रदर्शनी, ५ हजारले गरे अवलोकन



**नेपालगन्ज/मस**–मानिससँग सीप र इच्छाशक्ति भएपछि जस्तोसुकै फालिएका वस्तुबाट पनि धेरै राम्रा कलाकृतिहरू बनाउन सकिने रहेछ भन्ने उदाहरण वरिष्ठ कलाकार श्यामानन्दसिंह ठकुरीले पेस गरेका छन्। कलाकार सिंहद्वारा तयार गरी यहाँ सुरु गरिएको बृहत् कला प्रदर्शनीमा राखिएका चित्रकलाहरूबाट उक्त कुरा प्रष्ट भएको छ।

श्यामानन्द कला संस्कृति प्रतिष्ठान नेपालगन्ज बाँकेद्वारा २३ गतेदेखि सुरु भएको प्रदर्शनी मंसिर ३ गतेसम्म सञ्चालन हुने छ। स्थानीय रामलीला मैदानस्थित सरस्वती मन्दिर परिसरमा प्रदर्शनी गरिएको हो। उक्त प्रदर्शनी निःशुल्क अवलोकन गर्न सकिने कलाकार सिंहले जानकारी गराए।

कलाकार सिंहद्वारा तयार गरिएका हस्तकला तथा कलाहरू हजारौंको संख्यामा प्रदर्शनीमा सजाइएका छन्। प्रदर्शनीमा नेपालगन्जका विभिन्न विद्यालयका शिक्षक विद्यार्थीहरूको समूहलगायत करिब शुक्रबारसम्म ५ हजार बढी जनाले बृहत् कला प्रदर्शनीको अवलोकन गरेको सिंहले बताए।

नेपालगन्ज उपमहानगरपालिका वडा- ९ बाँके गाउँ सरस्वती टोल निवासी ७० वर्षीय वरिष्ठ कलाकार ठकुरीले करिब एक दशकदेखि आफ्नै निजी दुई तल्लाको घरै कला संग्रहालय बताएका छन्।

पुराना फालिएका, प्रयोग गरिसकेका प्लाष्टिकका सामान, बोतल, थर्माकोल, म्याद गुज्रिएका औषधिलगायतबाट विभिन्न किसिमका हजारौंको संख्यामा आकर्षक हस्तकलाहरू तयार गरेका छन् भने तेल चित्रहरू पनि तयार गरेका छन्।

बहुमुखी प्रतिभाका धनी वरिष्ठ कलाकार सिंह गीत, संगीत, गायन, बाँसुरी, वाद्यवादनमा पनि खप्पिस छन् भने उनले साहित्यिक क्षेत्रमा पनि कलम चलाएका छन्। तर, विडम्वना नै भन्नु पर्छ कि उनले तयार गरेको बहुमूल्य कलालाई अलग्गै संग्रहालय बनाएर संरक्षण गर्नका लागि स्थानीय निकायबाट कुनै चासो लिएको भने देखिँदैन। नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टबाट २३ गते उद्घाटन गरिएको उक्त बृहत् कला प्रदर्शनीमा लागेको सम्पूर्ण खर्च उनी स्वयम्ले आफ्नै निजी स्रोतबाट गरेका कलाकार सिंहले बताए।

उक्त प्रदर्शनी अवलोकन गर्न पुगेका नेपालगन्जस्थित वेस्ट जोन इंग्लिस मिडियम स्कुलमा कक्षा ७ का विद्यार्थी प्रनिश कुँवरले आफूले पहिलो पटक यत्ति धेरै मूर्ति तथा चित्रहरू एक ठाउँमा देख्न पाएको बताए। ‘यतिका मूर्ति तथा चित्रहरू आँखै अगाडि पहिलो पटक देख्ने मौका पाएँ, धेरै कुराहरूको ज्ञान पनि पाएँ, हामीले किताबमा पढेका बस्तुहरू प्रत्यक्ष यहाँ देख्न पाइयो, मन रमाएको छ, खुसी भएको छु’ कुँवरले भने।

‘सीप भएपछि जस्तोसुकै फालिएका वस्तुबाट पनि धेरै राम्रा कलाकृतिहरू बनाउन सकिने रहेछ भन्ने ज्ञान भयो, सीप मात्र भएर पनि भएन, इच्छा पनि हुनु पर्दोरहेछ विद्यार्थी कुँवरले भने, ‘७० वर्ष पुगिसक्नुभएका वरिष्ठ कलाकार सिंह छ, उहाँसँग भेट्ने मौका पनि पाएँ, धेरै कुराहरूको ज्ञान पनि पाएँ। इच्छा भएपछि काम गर्न उमेरले नछेक्ने रहेछ भन्ने बुझेँ’, उनले थपे।

अर्का विद्यार्थी प्रज्ञान रेग्मीले कला प्रदर्शनीमा आएर धेरै कलाकृति अवलोकन गर्न पाएको र यस्तै आफूले पनि बनाउन पाए हुन्थ्यो भन्ने लागेको बताए। ‘हजारौं कलाकृतिहरू रहेछन्, हेरेर आफूले पनि यस्तै बनाउन पाए हुन्थ्यो भन्ने लाग्यो’वेस्ट जोन स्कुल कक्षा ७ मा अध्ययनरत विद्यार्थी रेग्मीले भने। बनाउन कोसिस गरे त म पनि बनाउन सक्छु भन्ने आत्मबल बढेको छ, अब प्रयास गर्ने बताए।

## प्रभावशाली...

गण्डकी प्रदेशसभा नियमावली-२०८० मा फौजदारी अभियोग लागे का सांसदको पदसम्बन्धी व्यवस्थाले यस्तो अभियोग लागेमा वा अभियोग ठहर भएर कारागार चलान भएम सो व्यक्तिको सांसद पद स्वतः निलम्बन हुने प्रावधान छ।

उता, कोशी प्रदेशसभा सदस्य तथा कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी पनि मानव तस्करीको उद्यम गरेको आरोपमा हिरासतमा छन्। जापानमा हुने कार्यक्रमका लागि भनेर मन्त्री अधिकारी गत कात्तिक १३ मा जापान उडेका थिए।

तर, मन्त्रिपरिषद्बाट भ्रमण स्वीकृत नगराई उनी जापान गएका थिए। उनीसँगै अन्य ३ जना व्यक्ति पनि जापान गएका थिए। जापानको अध्यागमनले उनलाई विमानस्थलबाटै फर्काइदिएको थियो।

मानव तस्करको योजनामा मन्त्री अधिकारी जापान पुगेका भन्दै विरोध भएपछि मुख्यमन्त्री हिक्मतकुमार कार्कीको निर्देशनमा उनले मन्त्री पदबाट राजीनामा दिएका थिए। उनलाई गत शनिबार नै एमालेको कोशी प्रदेश कमिटीले राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य तथा पार्टीको संगठित सदस्यबाट निलम्बन गरिसकेको छ। शनिबारको सचिवालय बैठकले प्रदेश कमिटीको उक्त निर्णयलाई अनुमोदन गरेको थियो।

अहिले अधिकारीसहित जापान गएका अन्यलाई पक्राउ गरी प्रहरीले अनुसन्धान गरिरहेको छ। अधिकारीले भने आफूलाई फसाइएको दाबी गर्दै अनुसन्धानमा सघाउने बताएका छन्।

यी त भए पछिल्ला घटना, जो ताजै छन् र चर्चा अनि चासोमा पनि।

राजनीतिक शक्तिका प्रभावशाली खेलाडीहरूका यस्ता अपराध, भ्रष्टाचार तथा नैतिक स्खलनका शृङ्खला भने निकै अघिदेखि चलिरहेको छ। विशेषगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि यस्ता शृङ्खला तीव्र बनेका हुन्। २०४६ सालपछिका ‘शक्तिशाली’ मानिएका राजनीतिक नेताहरू एकपछि अर्को गर्दै जेल चलान भए। तीमध्ये धेरैजसो भ्रष्टाचार कसुरमा जेल बसेका छन्।

त्यसबेलाका चर्चित र प्रभावशाली मानिएका चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, गोविन्दराज जोशी, जयप्रकाशप्रसाद गुप्ताले जेल भोगे। यीमध्ये खड्काको निधन भइसकेको छ।

तत्कालीन कांग्रेस सभापति तथा पटकपटकका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका ‘भित्रिया’ ठहरिएका उनीहरू पछि कोइरालाबाट टाढिए। उनीहरूमाथि कसुर पुष्टि भई जेल पठाइँदा समेत पार्टी र सभापतिले पक्षमा बोलेनन् र तोकिएको जेल सजाय कटाएर निस्किए। तर, उनीहरूको राजनीतिक जीवन भने समाप्त भयो।

तत्कालीन कांग्रेस नेता खड्कालाई सर्वोच्च अदालतले ३० साउन २०६९ मा भ्रष्टाचारी ठहर गर्दै डेढ वर्ष कैद र ९४ लाख ७४ हजार १२२ रुपैयाँ बिगो र त्यति नै जरिमाना गर्ने फैसला सुनाएको थियो। पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाएको भन्दै सर्वोच्चका तत्कालीन न्यायाधीशहरू कल्याण श्रेष्ठ र वैद्यनाथ उपाध्यायको इजलासले खड्कालाई दोषी ठहर गरेको थियो।

तत्कालीन कांग्रेसका शक्तिशाली नेता गुप्तालाई पनि ९ फागुन २०६८ मा सर्वोच्च अदालतले दोषी ठहर गरेको थियो। सञ्चारमन्त्री बहाल रहेकै समयमा गुप्तालाई अकुत सम्पत्ति कमाएको अभियोगमा सर्वोच्चले दोषी ठहर गरेको थियो। सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय तर्कराज भट्ट र सुशीला कार्कीको संयुक्त इजलासले उनलाई डेढ वर्ष कैद र ८४ लाख रुपैयाँ जरिमानाको फैसला सुनाएको थियो।

कांग्रेसका प्रभावशाली नेता वाग्लेलाई पनि २०६७ चैतमा सर्वोच्च अदालतले अकुत सम्पत्ति मुद्दामा दोषी ठहर गरेको थियो। सर्वोच्चका तत्कालीन प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ र वरिष्ठ न्यायाधीश खिलराज रेग्मीको संयुक्त इजलासले २ करोड ३ लाख रूपैयाँ जरिमाना र १८ महिना जेल सजायको फैसला सुनाएको थियो। कांग्रेसकै अर्का प्रभावशाली नेता गोविन्दराज जोशी १० साउन २०६९ मा भ्रष्टाचारी ठहर भई जेल चलान भए।

द्वन्द्वकालमा ओखलढुंगाका उज्जनकुमार श्रेष्ठमाथि गोली हानी हत्या गरेको आरोपमा माओवादी केन्द्रका नेता बालकृष्ण ढुंगेललाई अदालतले सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो। सरकारले उनको मुद्दा फिर्ता लिने निर्णय गरे पनि अदालतको निर्णय कार्यान्वयन गर्न सर्वोच्चले निर्देशन दिएको थियो।

तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीशहरू सुशीला कार्की, वैद्यनाथ उपाध्याय, गोपाल पराजुली तथा ओमप्रकाश मिश्रको इजलासले ढुंगेललाई माफी दिन नमिल्ने भन्दै दोषी ठहर गरेको थियो।

माओवादी केन्द्रका शक्तिशाली नेता तथा पूर्वसभामुख कृष्णबहादुर महरा सुन तस्करीलगायतका काण्डमा मुछिँदै आएका छन्। उनलाई हिरासतसम्म पुऱ्याएका छन् यस्ता काण्डले।

तर, उनको राजनीतिक भविष्यमै प्रश्न उठाइदिएको काण्ड भने बलात्कार प्रयासको अभियोग बन्यो। संसद सचिवालयमा कार्यरत एक महिलामाथि जबरजस्ती करणी उद्योग गरेको अभियोगमा उनी केही महिना हिरासतमा बसे। जिल्ला अदालत काठमाडौंले उनलाई निर्दोष ठहर गर्दै सफाइ दिएको छ, तर पनि उनलाई उक्त काण्डको धब्बाले राजनीतिक जीवनमा अवरोध गरिरहेको छ।

उनीमाथि १२ असोज २०७६ मा संसद् सचिवालयकी एक महिला कर्मचारीलाई बलात्कार प्रयास गरेको आरोप लाग्यो। पीडित महिलाले सुरुमा दिएको बयानअनुसार महरा त्यो दिन साँझ उनको कोठामा आएका थिए। आफूले श्रीमान् छैनन् भन्दाभन्दै आएको र बलात्कार प्रयास गरेको ती महिलाले बताएकी थिइन्।

१३ असोजमा उक्त घटना सार्वजनिक भएको थियो। सभामुख समेत रहेका महरामाथि चौतर्फी राजीनामा दिनुपर्ने दबाब बढेको थियो। लगत्तै १४ असोजमा बसेको सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सचिवालय बैठकले उनलाई सभामुख र सांसद दुवै पदबाट राजीनामा दिन सुझाएपछि उनले सभामुख पदबाट राजीनामा दिए। बलात्कार मुद्दामा पक्राउ परेका महरालाई ५ फागुन २०७६ मा जिल्ला अदालत काठमाडौंका न्यायाधीश अम्बरराज पौडेलको इजलासले सफाइ दिएको थियो।

## कानुन...

छलफलमा छन्। तर, यो समितिको बैठक गत २ असोजयता बस्न सकेको छैन।

२१ फागुन २०८० मा प्रतिनिधिसभामा दर्ता भएको संघीय निजामती सेवा विधेयक १५ जेठ २०८१ गते दफावार छलफलका लागि राज्य व्यवस्था समितिमा पुगेर थन्किएको छ। यो विधेयकमाथि सांसदहरूले १२४ समूहमा एक हजार ५८३ वटा संशोधन हालेका छन्। तर, समितिले यो विधेयकमाथि छलफलको सुरुवात नै गरेको छैन।

राज्य व्यवस्था समितिमा थप ३ वटा विधेयक विचाराधीन छ। तीमध्ये अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन संशोधन विधेयक र भ्रष्टाचार निवारण ऐन संशोधन विधेयकमाथि समितिले छलफल चलाइरहेको छ। अख्तियार ऐन संशोधन विधेयकमाथिको छलफलमा गृहमन्त्री लेखकले कानुन निर्माणप्रतिको सुस्ततामा असन्तुष्टि जनाएका हुन्।

६ माघ २०७६ मा राष्ट्रियसभामा दर्ता भएका यी दुवै विधेयक २७ चैत २०७९ मा राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएका थिए।

निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउने, भ्रष्टाचारको अनुसन्धानमा ५ वर्षको समयसीमा राख्ने, अनुचित कार्य हेर्ने निकाय तोक्नेलगायतका प्रावधान समेटिएका यी दुवै विधेयक ३१ भदौ २०८० देखि राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन छन्।

राज्य व्यवस्था समितिमै निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमनसम्बन्धी विधेयक पनि दफावार छलफलमा छ। नदीजन्य सामग्री ढुंगा, गिट्टी, बालुवा उत्खनन र निर्यातसँग जोडिएको निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमन विधेयक १६ कातिक २०८० मा प्रतिनिधिसभामा दर्ता भएको थियो। यो विधेयक राज्य व्यवस्था समितिमा १८ चैत २०८० देखि दफावार छलफलमा छ।

प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानवअधिकार समितिमा केही नेपाल ऐन संशोधन विधेयक दफावार छलफलमा छ।

सशस्त्र द्वन्द्वमा वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए जुनसुकै अदालतको जुनसुकै तहमा रहेको मुद्दासमेत सरकारले फिर्ता लिन सक्ने प्रावधानमाथि दलहरूका बीचमा कुरा नमिल्दा यो विधेयकमाथिको छलफल अड्किएको छ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक दफावार छलफलमा छन्।

२७ भदौ २०८० मा प्रतिनिधिसभामा तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले दर्ता गरेको यो विधेयकमा सांसदहरूले १५२ समूहमा एक हजार ७५८ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन्।

यो समितिमा विद्यालय शिक्षा विधेयकबाहेक शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक पनि दफावार छलफलमा छ। राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएको यो विधेयक शिक्षा समितिमा २१ साउन २०८१ देखि दफावार छलफलमा छ।

१९ असोज २०८० मा दर्ता भएको यो विधेयक राष्ट्रियसभाबाट २० माघ २०८० मा पारित भएर प्रतिनिधिसभामा आएको हो। अब शिक्षा समितिको बैठक कहिले बस्छ, यकिन छैन।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा विद्युतीय व्यापार विधेयक दफावार छलफलमा छ। तर, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको पछिल्लो बैठक गत २७ भदौयता बस्न सकेको छैन।

१३ असार २०८० मा राष्ट्रियसभामा दर्ता भएको विद्युतीय व्यापार विधेयक राष्ट्रियसभाबाट पारित भएर १६ कातिक २०८० मा प्रतिनिधिसभामा आएको हो। विधेयक १५ जेठ २०८१ देखि प्रतिनिधिसभाअन्तर्गतको उद्योग समितिमा दफावार छलफलमा छ।

## विदेशी...

सार्वजनिक गरिने बताए। सांसद रुबिनले विदेशी कामदार भर्नाको लागत कम गर्नका लागि गरिएका उपायहरूबारे थप प्रश्न सोधेका थिए। जबाफमा उपमन्त्री रहमानले भने, ‘मन्त्रालयले स्रोत मुलुकहरूसँग यसअघि सहमति भएका कामदार भर्नाको लागतको समीक्षा गरी म्यानपावर कम्पनीहरूलाई जानकारी गराइने छ। जसले रोजगारदाताहरूलाई अझ प्रभावकारी र पारदर्शीरूपमा विदेशी कामदार ल्याउन योजना बनाउन मद्दत गर्न सकोस्।’

उपमन्त्री रहमानले विदेशी कामदार भर्ना गर्दा रोजगारदाताहरूमा आर्थिक बोझ कम गर्ने अन्य उपायबारे पनि मन्त्रालयले गृहकार्य गरिरहेको जानकारी दिए। उनले विदेशी कामदारहरूको सामाजिक सुरक्षा र कल्याणका कार्यक्रम ल्याउने बताए। उनले कामदारको सट्टामा स्वचालन अर्थात अटोमेसन वा यान्त्रिकीकरण गरेर रोजगारदाताहरूलाई विदेशी कामदारमाथिको निर्भरता घटाउन प्रोत्साहन गर्न कृषि, उत्पादन तथा सेवा क्षेत्रमा आधुनिकीकरण चाहिरहेको बताए।

मलेसियाले सन् २००१ देखि नै नेपाललाई श्रमिक आपूर्तिको स्रोत मुलुक सूचीकरण गरेको हो। उत्पादन र सुरक्षा गार्ड सेवामुलक क्षेत्र, कृषि क्षेत्र, निर्माण र बागवानी क्षेत्रमा ३ लाखभन्दा बढी नेपाली काम गरिरहेका छन्। गत मे ३१ तारिकदेखि मलेसियाले नेपालसहित सबै स्रोत मुलुकबाट कामदार लैजाने रोकेपछि उक्त मुलुकको रोजगारीबारे नेपाली कामदार तथा उनीहरूलाई पठाउने म्यानपावर कम्पनीबीच मलेसियाको रोजगारी कहिले खुल्ला भन्ने तीव्र चासो छ।

मलेसियाबाट नयाँ रोजगारीको डिमाण्ड नआउँदा वार्षिक दुई लाख नेपालीले रोजगारी गुमाएका छन्। त्यसले नेपाल आउने ठूलो परिणामको राजस्व र रेमिट्यान्स गुमिरहेको छ। मलेसिया बन्द रहे धेरै म्यानपावर कम्पनीहरूले इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउन नसक्ने अवस्था छ।

मलेसियाले यसबीचमा कपाल काट्ने ‘बारबर’, सुनका गहना बनाउने कामदार ‘गोल्डस्मिथ’, प्लान्टटेशन र एग्रीकल्चर क्षेत्रमा केही विदेशी कामदार खुला गरेको थियो। तर नेपाली दूतावासले मागपत्र प्रमाणीकरणमा सहजीकरण नगरेका कारणबाट ती क्षेत्रमा नेपाली कामदार जान पाएनन्। दूतावासले यसअघि बन्द गर्दा मलेसियाली पक्षले लिखित जानकारी गराएको र हाल नयाँ एप्रुभलबारे जानकारी नदिएका कारणले खुला गरिएको चार क्षेत्रमा मागपत्र प्रमाणीकरण नगरेको बताउने गरेको छ।

तर वैदेशिक रोजगार व्यवसायीले स्रोत मुलुकबीच तीव्र प्रतिस्पर्धाको अवस्थामा नेपाली दूतावास औपचारिकताको माखेसाँङ्लोमा अड्किएमा नेपालीहरू पछि पर्ने बताउँछन्। मलेसियामा कूल कामदारको झण्डै १५ प्रतिशत विदेशी कामदार छन्।

## वैदेशिक...

लाख रूपैयाँ, शारदाले पनि बेलायत पठाइदिन्छु भन्दै एक लाख र प्रितिकाले दुबई पठाइदिन्छु भन्दै २ लाख रूपैयाँ लिएर ठगी गरेको प्रहरीको भनाइ छ। प्रहरीले पक्राउ परेका उनीहरूलाई वैदेशिक रोजगार ऐनअनुसार कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाएको छ।

## चीन...

रसुवा र तातोपानी मात्र सञ्चालनमा छन्। चिनियाँ सहयोगमा रेलमार्ग निर्माण, सार्वजनिक संस्थान सुधार, राष्ट्रिय योजना आयोगको क्षमता वृद्धि र लगानीसम्बन्धी सम्झौता गरिए पनि यसमा प्रगति भएको छैन। चिनियाँ राष्ट्रपति सी चिनपिङको नेपाल भ्रमणका क्रममा कनेक्टिभिटी बढाउने र धेरै नाका सञ्चालन गर्ने सहमति भएको थियो। तर, केरुङ-काठमाडौं रेलमार्ग निर्माण, सडक, हवाई र सञ्चार सम्पर्क व्यापक बनाउनेलगायतका सम्झौता ५ वर्षसम्म पनि कार्यान्वयनमा गएका छैनन्।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको २०७६ सालमा भएको चीन भ्रमणका क्रममा पनि बीआरआई कार्यान्वयन गर्नेदेखि शिक्षा क्षेत्रमा चीनले सहयोग बढाउने सहमति भएको थियो। तर, बीआरआई कार्यान्वयनमा गएको छैन। यी विषयलाई नै अगाडि बढाउने सरकारको तयारी छ।

परराष्ट्र मन्त्रालयका अनुसार पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका बेला लिएको ऋणलाई अनुदानमा रूपान्तरण गर्न चीन सरकारसँग आग्रह गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिएको छ। नयाँ विषय भन्दा पनि पुरानै सम्झौतालाई कार्यान्वयनमा जोड दिने गरी भ्रमणका एजेन्डाको मस्यौदा तय गरिएका हुन्।

प्रधानमन्त्रीको चीन भ्रमणको एजेन्डाका विषयमा प्रतिनिधिसभाअन्तर्गतको अन्तर ाष्ट्रिय सम्बन्ध र पर्यटन समितिले समेत चासो देखाएको छ। प्रधानमन्त्री ओलीको चीन भ्रमणको विषयमा छलफल गर्न आइतबार बिहान ११ बजे बैठक बोलाएको समिति सचिवालयले जनाएको छ।

**साउदीमा रोजगार**

कम्पनी: ABDULLAH AL OTHAIM MARKETS COMPANY
शहर: Riyadh
पुर्व स्वीकृत मिति: २०८१/०७/३०
चलानी नं.: ६०२२८०७१
LT No: 313491

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supermarket Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ८ गते (23 November 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Manaslu International Services Pvt. Ltd.
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**कुमाख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रागेचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/०८/०१ गते

यस कार्यालयको आ. व. २०८१/०८२ को लागि मिति २०८१/०६/२३ गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E–bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत बोलपत्रको रकम (भ्याट र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KRM-NCB-W-01/2081/082 | Palika Khelkhud field Construction Work | Chakra Rita Nirman Sewa, Bagchaur 10- Salyan | 881,676.50 | |

प्रमुख प्रशासकीय अधिकृत

सिरहा शिशु मृत्यु प्रकरण

# उजुरीपछि शव उत्खनन, प्रहरीले थाल्यो अनुसन्धान

**प्रदिप सिंह/मध्यान्ह**
सिरहा, ३० कात्तिक




सिरहाको औरही गाउँपालिका-५ की राधादेवी दासले जन्माएको नवजात शिशुको अस्पताल लैजाने क्रममा बाटोमै मृत्यु भएपछि यस घटनाले गम्भीर मोड लिएको छ । शिशुको मृत्युपछि राधादेवीको माइती पक्षले घटना शंकास्पद भएको आरोप लगाउँदै प्रहरीमा उजुरी गरेपछि प्रहरीले गम्भीर अनुसन्धान थालनी गरेको छ ।

प्रहरीले मंगलबार सिरहाको गागन खोलामा गाडिएको शिशुको शव उत्खनन् गरी पोष्टमार्टमका लागि राम कुमार स्मार्ग अस्पताल, लहान पठाएको छ । ईलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक गोबिन्द प्रसाद साहले भने,'हालसम्म माइतीपक्षबाट औपचारिक जाहेरी भने पाएको छैन, तर घटनामा शंका व्यक्त गरेपछि हामीले अनुसन्धान सुरु गरेका छौं।'

सिरहाको प्रादेशिक अस्पतालले गम्भीर अवस्थामा रहेको भन्दै राधादेवीलाई गोलबजारस्थित बर्धमान अस्पतालमा रेफर गरेको थियो । अस्पतालका सञ्चालक डा.तेज शंकर यादवले बिहीबार पत्रकार सम्मेलन गरी घटनाबारे विस्तृत जानकारी दिँदै भने, 'राधादेवीलाई जब अस्पताल ल्याइएको थियो, तब बच्चाको अवस्था उल्टो थियो र दुई खुट्टा बाहिर निस्केको थियो । आमा र बच्चा दुवैको अवस्था अत्यन्तै जटिल थियो ।'

डा.यादवका अनुसार परिवारको सल्लाहमा राधादेवीको शल्यक्रिया गरिएको थियो र कमजोर अवस्थाका बावजुद बच्चालाई सकुसल जन्माउन सफल भएको जनाइएको छ । 'बच्चा जीवित भएपनि अत्यन्त कम तौलको थियो र रुने-कराउने अवस्था थिएन। भेन्टिलेटर सुविधा आवश्यक भएपनि हाम्रो अस्पतालमा त्यो सुविधा नभएकाले तत्काल अन्यत्र लैजान सल्लाह दिएको थियौं,' डा. यादवले बताए ।

राधादेवीको माइतीपक्षले नवजात शिशुको मृत्युलाई शंकास्पद मानेर घटनामा थप छानबिनको माग गर्दै प्रहरीमा गुनासो गरेका छन् । माइतीपक्षका दाई राहुल पटेलले भने, 'अस्पतालले शिशुको उचित उपचार नगरेको आशंका छ, र मृत्युपछि सद्गत पनि चुपचाप गरियो। यसबारे निष्पक्ष अनुसन्धान हुनु आवश्यक छ ।'

दिउँसो अस्पतालको स्पष्टीकरण आएपछि राधादेवीकी सासु जलेश्वरी देवी दासले अस्पतालप्रति समर्थन जनाउँदै भनिन्,'डाक्टरले आमा बाँचून् भनेर धेरै मेहनत गरे। अस्पताललाई दोष दिने ठाउँ छैन, चार दिनदेखि आमाको उपचार यहीँ गराइरहेका छौं ।' जलेश्वरी देवीले अस्पतालले पूरा जिम्मेवारी पूरा गरेको बताइन् । अस्पताल प्रशासनले यो घटनामा परिवारको अन्तरजातीय विवाहका कारण व्यक्तिगत द्वन्द्व पनि संलग्न हुन सक्ने भन्दै घटनालाई पक्षपात नगरिकन हेर्न आग्रह गरेको छ । 'घरायसी कारणले समस्या देखिएको हुन सक्छ, तर अस्पतालले आवश्यक सबै उपचार पद्धति पूरा गरेको हो,' अस्पतालका प्रवक्ता यादवले अपिल गरे ।

सुत्केरी राधादेवीका श्रीमान चन्दन दास भारतमा रोजगारीमा रहेको हुँदा परिवारका दुई पक्षबीच थप असमझदारी बढेको अनुमान गरिएको छ । प्रहरी निरीक्षक साहले भने, 'माइतीपक्ष र ससुराली पक्ष दुवैको बयानलाई गम्भीरताका साथ लिँदै घटनाको तथ्य पत्ता लगाउने प्रयास गरिरहेका छौं । पूर्ण विवरणपछि मात्र ठोस निर्णयमा पुग्नेछौं ।'

# नेपाली महिला समाज कतारद्वारा पर्वतकी क्यान्सरपीडित गंगालाई आर्थिक सहयोग



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ३० कात्तिक

पाठेघरको क्यान्सर रोगबाट ग्रसित पर्वतको जलजला गाउँपालिका ७ धाइरीङकी ५५ वर्षीया गंगा दमाईको उपचारका लागि नेपाली महिला समाज कतारले आर्थिक सहयोग गरेको छ । कतारमा रहेका नेपाली महिलाहरूको साझा संस्था नेपाली महिला समाज कतारले रु.१५ हजार आर्थिक सहयोग गरेको हो ।

जीवन रक्षाका लागि सहयोग गर्न पाउँदा खुसी लागेको बताउँदै समाजकी अध्यक्ष माया केसीले बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरिन् । कतारमा रहेर सामाजिक उत्तरदायित्व सहितको पत्रकारिता गरिरहेका मध्यान्हकर्मीले विगत एक महिनादेखि बिरामी दमाईको लागि सामाजिक सञ्जाल मार्फत सहयोगको अपिल गरेको देखेपछि महिला समाजको कार्यसमिति भित्र विभिन्न व्यक्तिहरू सँग संकलन गरेर आर्थिक सहयोग गरेको हो ।

हाल बिपी कोइराला क्यान्सर अस्पतालमा उपचार गराइरहेकी दमाईको उपचारमा ठुलो रकम लाग्ने र आर्थिक अवस्था कमजोर भएका कारण परिवारले सहयोगको अपिल गरेको थियो । बिरामीलाई सहयोग गर्न चाहनेले बिरामीको छोरी अनिता दर्जीको एनएमबि बैंकको खाता नम्बर १२१०२००९४१७००१२ वा राष्ट्रिय वाणिज्य बैंकको खाता नम्बर ३५००१००००००४१२०३ मा सहयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

तेस्रो पटकको केमो चढाइसकिएको र स्वास्थ्यमा क्रमिक रूपमा सुधार हुँदै गएको बिरामीकी छोरी अनिताले जानकारी दिइन् । पोखराको निजी बोर्डिङमा पढाएर परिवारको जोहो गर्दै आएकी अनिताले आफ्नो आमाको उपचारमा थप सघाउन आग्रह गरेकी छिन् ।

**सलिसामको सहयोग**

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (सलोराम), सङ्घीय लिम्बुवान प्रान्तीय मञ्च नेपाल अन्तर्गत संघीय लिम्बुवान सामाजिक मञ्च (सलिसाम) कतारका तर्फबाट सलिसामका अध्यक्ष डम्बर लुङ्बिम लिबाङ 'मिसेक'ले तिन हजार रुपैयाँ सहयोग गरेका छन् । लिवाङले बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै आवश्यक परेमा दोस्रो चरणमा पनि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# उपमहानगरपालिकाको निर्णयविरुद्ध आन्दोलन गर्ने घोषणा




**कमल साह/मध्यान्ह**
जनकपुरधाम,३० कात्तिक

जनकपुरधाम उपमहानगरमा सञ्चालित १७ वटा निजी विद्यालय तथा कलेज सञ्चालकहरुले आन्दोलन गर्ने योजना बन्न थालेका छन् ।

जनकपुरधाम उपमहानगर पालिकाले समयमा सार्थक निर्णय लिनबाट पछि हट्दै आएकोविरुद्धमा उनीहरुले आन्दोलनको तयारी गर्दैछन् ।

यसले गर्दा समग्रमा जनकपुरधामवासीलाई नै क्षति हुने सर्वसाधारण भन्न थालेका छन् । यहाँको एक होटलमा आयोजित पत्रकार सम्मेलनमा संस्थागत विद्यालयहरुले शिक्षा नीतिमा आफ्ना बुद्धि विवेकले कार्य नगरेको जनकपुरधामका मेयर मनोज कुमार साह आरोप लगाए ।

उनीहरुले शैक्षिक आन्दोलनबाट यस क्षेत्रका विद्यार्थीलगायतका हुने क्षतिको सम्पूर्ण जवाफदेही जनकपुरधाम उपमहानगरलाई लिनुपर्ने विचार समेत व्यक्त गरे ।

मोडेल मल्टिफ कलेजका सञ्चालक विरेन्द्र साहले जनकपुरधाम उपमहानगरले एउटै विषयमा दुई मितिमा फरक-फरक निर्णय गरी आफुहरुलाई पत्राचार गरेर यहाँका नीजि विद्यालय तथा कलेजलाई आन्दोलनको लागि बाध्य पार्न लागेको आरोप लगाए । उनले भने,'यहाँ संचालित १७ वटै शैक्षिक संस्थाले शैक्षिक सत्र भर्ना पछि, हिसाव र अडिट गरिसकेको अवस्थामा गत दुई आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को पैसा फिर्ता गर्न पत्र काटन लगाएर हामीलाई असंतुष्ट पार्न खोजेको छ ।'

एन प्यावसनका धनुषाका अध्यक्ष आशिष झाले फरक-फरक मितिमा फरक -फरक कलेजलाई गरिएको पत्राचार अनुसार निजी कलेजहरुले दुई वटा सेसनमा छात्रवृत्तीमा भर्ना भएका विद्यार्थीहरुलाई अतिरिक्त रकम फिर्ता गर्नुपर्ने असम्भव उठाएर शैक्षिक संस्थाहरुलाई आन्दोलन गर्न उस्काउँदै आएको आरोप लगाए ।

हिसान, प्यावसन र एन प्याबसन मिलेर गरेको पत्रकार सम्मेलनमा उनले नीजि विद्यालयका सञ्चालकहरु यस्तो कार्य गर्न असमर्थ रहेको बताउँदै त्यसमा जबरजस्ती गरियो भने बाध्य भएर यहाँका सम्पुर्ण विद्यालय तथा कलेज बन्द गरेर सडमा आउने बताए ।

हिसानका अध्यक्ष संजिव कुमार ठाकुरले भने,'मेयर मनोज कुमार साह अति व्यवहारिक भइदिए कि व्यवहारकै आधारमा सबैको सुनेर कार्यपालिका चलाउन खोज्ने गरेको भएपनि कहि कतै उहाँ दबाब, प्रभाव या मजबुर भएकोले नै आफैले गरेको निर्णयलाई उल्टाउनुभएको हो ।'

त्यस्तै न्यू इंगलिस स्कूलका सञ्चालक अनिल अग्रवालले शिक्षा जस्तो गम्भीर विषयलाई उनीहरुले सर्वदलिय सहमति गरेर नयाँ कार्यविधि बनाएर ल्याए त्यसलाई नयाँ भर्ना वर्षदेखि लागु गर्न तयार रहेको जानकारी गराए ।

यत्ता, मोडले मल्टिपल कलेजका सञ्चालक विरेन्द्र साहले थपे, 'कुनै पनि कलेजले कक्षा ११ मा भर्ना शुल्क लिइसकेपछि १२ मा लिएको छैन ।'

प्राध्यापक साहले नेविसंघको अभियान काठमाण्डौं, विराटनगर, धरान नभएर जनकपुरधाममा मात्र किन प्रश्न राखे ।

कार्यविधीमै त्रुटी

उप-महानगरले कलेजलाई गरेको पत्राचारमा उल्लेखित २०७४ को विद्यालय छात्रवृत्ती वितरण कार्यविधिको अनुच्छेद २.४ मा छात्रवृत्तीलाई एक किसिमले परिभाषित गरिएको छ भने सोहि कार्यविधीको अनुच्छेद ५.३ (छात्रवृत्तीमा विद्यार्थी छनौट गर्ने प्रक्रिया) को बुँदा नं. ङ मा यसरी सिफारिस भएको विद्यार्थीहरुको भर्ना शुल्क मासिक शिक्षण शुल्क र परीक्षा लिन पाइने छैन भनेर मात्र उल्लेख छ । यसको अर्थ त्यस बाहेकका शुल्क विद्यालयले लिन पाउने दर्शाउँछ ।

हिसानका धनुषा जिल्ला अध्यक्ष संजिव ठाकुर, एन प्यावसनका जनकपुरधाम नगर अध्यक्ष दिपक ठाकुर र प्यावसनका नगर अध्यक्ष रविन्द्र चौधरीले संयुक्त रुपमा विज्ञप्ती जारी गर्दै विरोध जनाएका हुन् । उनीहरुले जनकपुरधाममा सञ्चालित नीजि विद्यालय र कलेजलाई हटाएरपछि कल्पना गर्नोस कस्तो हुने विज्ञप्तिमा समेत उल्लेख गरेका छन् ।

# एसईईमा उत्कृष्ट अंक ल्याउन सफल विद्यार्थीलाई ल्यापटप वितरण



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३० कात्तिक

रौतहटको कटहरिया नगरपालिकाले २०८० को माध्यामिक शिक्षा परीक्षा (एसईई)मा श्री जनता माध्यमिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याएका ५ जना विद्यार्थीहरुलाई ल्यापटप प्रदान गरेको छ । नगरपालिकाले सामुदायिक विद्यालयमा पढ्ने उत्प्रेरणा पुर्याउने उद्देश्यले उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी अनिरुद्ध यादवले ३.७१ जिपिए, मधु साहले ३.६९जिपिए, सन्ध्या कुशवाहाले ३.६२ जिपिए, बादसाह कुशवाहाले ३.६२जिपिए र धर्मेन्द्र यादवले ३.६१ जिपिए ल्याएपछि उनीहरुलाई ल्यापटप प्रदान गरेको हो । नगरपालिकाले उच्च शिक्षा पढ्दा विद्यार्थीलाई सहज बनाउन र सामुदायक विद्यालयमा अध्ययन गर्न प्रोत्साहनका लागि शुक्रबार ल्यापटप वितरण गरिएको नगरप्रमुख अजय प्रकाश जयशवालले बताए ।

नगरपालिकाभित्र रहेको श्री जनता माध्यामिक विद्यालयबाट सबैभन्दा बढी अंक ल्याएर पास गर्ने प्रत्येक विद्यार्थीलाई ल्यापटप वितरण गरिएको उपप्रमुख रिता देवी यादवले बताइन् । त्यस्तै पालिकाभित्रका एक जना श्याम दासले एम बिबिएस पढ्न नाम निकाल्न सफल भएपछि उनको पाँच वर्षसम्म लाग्ने सम्पूर्ण खर्च नगरपालिकाले तिर्न नगर प्रमुख अजयप्रकाश जयसवालले प्रतिबद्वता जनाए ।

श्री जनता माध्यमिक विद्यालय कटहरियाका प्रधानाध्यापक सचिन्द्र यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न वडाका वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु नगर शिक्षा संयोजक अनिलकुमार निधि सह-संयोजक सुरेन्द्र ठाकुर प्रधानाध्यापकहरु राममङ्ल यादव, योगेन्द्र कुशवाहा, गजेन्द्र यादव लगायत शिक्षक शिक्षिका विद्यार्थीहरुको उपस्थिति रहेको थियो।

# गढीमाई मेला आजदेखि

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३० कात्तिक



बाराको महागढीमाई नगरपालिका-१ मा रहेको ऐतिहासिक मन्दिर गढीमाईको मेला आजदेखि शुरु हुँदैछ । मेलाका लागि भारतबाट भक्तजनहरु आउने क्रम बढेको छ । भारतबाट मेलामा आउने भक्तजनका लागि रक्सौल, मटियर्वा सिम्रौनगढ, गौर नाकाबाट हलुका सवारीसाधनलाई बिना शुल्क प्रवेश गर्नेगरी सहज बनाइएको छ ।

गढीमाई मेलाको मुख्य आकर्षण भनेको बली हो । यहाँ भाकल गर्ने र भाकल पूरा भएपछि बली दिने परम्परा रहिआएको छ । गढीमाई मन्दिरमा एक महिना लाग्ने पञ्चवर्षीय गढीमाई मेलामा प्रचारबिना नै लाखौं श्रद्धालु भक्तजन आउने गर्छन् । गढीमाईको दर्शन, पूजाआजा गरेर आफ्नो भाकल गर्ने र अर्को मेलामा बली चढाउने परम्परा रहेको यस गढीमाईमा नेपालका विभिन्न जिल्लासहित भारतको बिहार, उत्तर प्रदेश, पश्चिम बंगाल तथा बंगलादेश र भुटानका विभिन्न क्षेत्रबाट दर्शनार्थी आउने गर्छन् ।

# सन्धिखर्कमा उपभोक्ता समितिका पदाधिकारीलाई तालिम

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३० कात्तिक




अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले उपभोक्ता समितिका पदाधिकारीहरुका लागि आयोजना कार्यान्वयन तथा सञ्चालन सम्बन्धी अभिमूखीकरण तालिम दिएको छ । तालिममा योजनाको स्टिमेट अनुसार गुणस्तर कायम गरेर समयमै पारदर्शी रुपमा निर्माण कार्य सम्पन्न गर्नका लागि अभिमूखीकरण कार्यक्रमले सहयोग पुग्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताए ।

नगरपालिकाका सबै वडाका टोल विकास समिति अध्यक्षहरु, सबै उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षहरुलाई अभिमूखीकरण तालिम प्रदान गरिएको भुसाल जानकारी दिए ।

उपभोक्ता समितिमार्फत सम्पन्न हुने योजनालाई विश्वसनीय र पादरशी बनाउन यस प्रकारको तालिम तथा अभिमूखीकरण सञ्चालन गरिएको नगरपालिकाका योजना अधिकृत दिलिप केसीले बताए ।

योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिहरूलाई नीतिगत र प्राविधिक दुबै पक्षमा विशेष अभिमूखीकरण गराइएको उनको भनाइ छ । योजना सम्झौताका लागि आवश्यक पर्ने कागजातहरु, उपभोक्ता समितिको काम कर्तव्य र अधिकार, सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान, निर्माण सामग्रीको गुणस्तर र परिमाण खरिद लगायतका विषययमा अभिमूखीकरण गरिएको थियो ।

यस्तै रकम निकासा प्रकृया, खर्चको लेखाकंन र अभिलेख व्यवस्थापन, योजना कार्यान्यन र अनुगमन प्रकृया, सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण, उपभोक्ता समितिको खाता सञ्चालन र भुक्तानी प्रकृयाको विषयमा उपभोक्ता समितिका पदाधिकारी एवम् टोल विकास समितिका अध्यक्षहरुलाई जानकारी गराइएको नगरपालिकाका शाखा अधिकृत मन्जु खनालले जानकारी दिइन् । नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यको अध्यक्षतामा भएको तालिममा लेखा अधिकृत नबराज गौतम, शाखा अधिकृत मन्जु खनाल, दिलिप केसी, सन्धिखर्क नगरपालिका वडा नम्बर १ का अध्यक्ष माधब श्रेष्ठ, २ का अध्यक्ष मोतिजङ रायमाझी लगायतले प्रशिक्षण दिएका थिए ।

**Bahrain मा रोजगार** Mirza Al Helli And Sons B.S.C. (C)
पुन विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/६/४ चलानी नं.: ६०२२५६४८ LT No.: 311155

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner(General) | 50 | 0 | [illegible] | 100 | ३५,९००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Worker | 44 | 0 | [illegible] | 100 | ३५,९००/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
